# भाग ३

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३४**

**फौजदारी कसूर (कैद कट्टा) (चौथो संशोधन) नियमावली, २०८३**

फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "फौजदारी कसूर (कैद कट्टा) (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ को नियम ३ मा संशोधन** : फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन् :-

"(२क) ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून बमोजिम कैद छुट हुन सक्ने कैदीको हकमा नियम ६ को उपनियम (३) बमोजिमको म्यादभित्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पीडित पक्ष वा जाहेरवालाले उजुरी वा गुनासो गरेमा सो सम्बन्धमा समेत छानबिन गरी विभागले कैद छुट सम्बन्धी निर्णय गर्न सक्नेछ।

(२ख) उपनियम (२क) बमोजिम कैद छुटको निर्णय कार्यान्वयनका लागि सम्बन्धित कारागारमा लेखी पठाउनु पर्नेछ।"

(२) उपनियम (३) मा रहेका "र (२)" भन्ने शब्दहरू झिकिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ४ मा संशोधन</u> :** मूल नियमावलीको नियम ४ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) कारागार कार्यालयले प्रत्येक तीन महिनामा कैदीको चालचलनको मूल्याङ्कन गरी उपनियम (१) बमोजिमको अभिलेख अद्यावधिक गरी कुनै कैफियत देखिएमा सो समेत जनाई विभागमा पठाउनु पर्नेछ।"

४. **<u>मूल नियमावलीको नियम ५ मा संशोधन</u> :** मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (घ१) झिकिएको छ।

५. **<u>मूल नियमावलीको नियम ६ मा संशोधन</u> :** मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (४) को शुरूमा "नियम ३ को उपनियम (१) बमोजिमको कैदको हकमा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(५) उपनियम (४) बमोजिम विभागबाट प्राप्त कागजात जाँचबुझ गरी त्यसरी कैद कट्टा गर्न लागिएको कसूरदारको मुद्दा वा अभियोगको प्रकृति, फैसला गर्ने निकाय, ठहरेको सजाय, कैद सजाय भोगेको र बाँकी अवधि तथा कैद कट्टा गर्न सिफारिस गर्नु पर्नाको कारण समेतको विवरण खुलाई रायको लागि मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको विषयमा महान्यायाधिवक्ताको कार्यालयले पीडित पक्षसमेतबाट पेस भएका राय, प्रतिक्रिया वा धारणा समेतलाई दृष्टिगत गरी कैदीको कैद कट्टा हुन उपयुक्त हुने वा नहुने भन्ने सम्बन्धमा मन्त्रालयमा राय सहित प्रतिवेदन पठाउनु पर्नेछ।"

६. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) नियम ६ को उपनियम (६) बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट राय सहितको प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले त्यस्तो कसूरदारलाई लागेको कैद कट्टा गर्ने निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।"

**७.** **खारेजी** : मूल नियमावलीको अनुसूची -२क. खारेज गरिएको छ।

**आज्ञाले,**
**केदारनाथ शर्मा**
**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।